बिष्णुपुर गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बिष्णुपुर, सप्तरी

मधेश प्रदेश, नेपाल

पत्र संख्या :-२०७८/०७९ शिक्षा, युवा तथा खेलकूद शाखा मिति:-२०७९/०१/०७

चलानी नं.:- ९६६१

विषय :- प्रस्तावना पेश गर्ने सम्बन्धमा ।

श्री सबै माध्यमिक तथा आधारभूत विद्यालयहरु
विष्णुपुर गाउँपालिका, सप्तरी

प्रस्तुत सन्दर्भमा यस गाउँपालिकाको शिक्षा तर्फ सशर्त अनुदान अर्न्तगतका विभिन्न कार्यक्रमहरु मध्ये ***विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवंम् कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदानका*** लागि तपसिलका कार्यक्रमहरु वितरण गर्नु पर्ने भएकोले यस गाउँपालिका अर्न्तगतका सम्पूर्ण सामुदायिक माध्यमिक विद्यालयहरु तथा कक्षा १-८ संचालित आधारभूत विद्यालयहरुले निम्न बमोजिमका कागजातहरु ७ दिन भित्रमा प्रस्तावना पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

१) **कार्यक्रमहरु :-**

क. विद्यालयमा विज्ञान प्रयोगशाला अनुदान

ख. शिक्षण सिकाइमा ICT को प्रयोग

२) **पेश गर्नु पर्ने आवश्यक कागजातहरु :-**

- सम्बन्धित कार्यक्रमको लागि विद्यालय व्यवस्थापन समितिको निर्णय, विद्यालय व्यवस्थापन समिति नभएको विद्यालयले शिक्षक/स्टाफको निर्णयको प्रतिलिपि,
- तोकिएको समय सिमा भित्र कार्य सम्पन्न तथा समय भित्र कार्य सम्पन्न नभएको खण्डमा अनुदान रोक्काको प्रतिवद्धता पत्र,
- तोकिएको कार्यक्रमाको लागि आवश्यक पर्ने कक्षाकोठाको व्यवस्था स्वंम विद्यालयले गर्नु पर्नेको प्रतिवद्धता पत्र,
- सामग्री खरिद तथा विल भरपाईको व्यवस्थापन प्रचलित सार्वजनिक खरिद ऐन अनुसार गर्ने पर्नेको प्रतिवद्धता पत्र,
- उल्लेखित कार्यक्रमहरु विद्यालयमा उपलब्ध नभएको पत्र,
- इन्टरनेटको सुबिधा भएको पत्र,
- कार्यक्रम संचालन गर्दा शैक्षिक कार्यमा खलल नपर्ने गरी कार्यक्रम संचालन गर्नु पर्नेको प्रतिवद्धता पत्र,
- कार्यक्रम वितरण पश्चात कार्यक्रम संचालन तथा समयमा कार्य सम्पन्नको सम्झौता वि.व्य.स.को अध्यक्ष,प्र.अ. वा प्र.अ. गर्नु पर्ने ।

०६/३/१९१६

ललन कुमार यादव
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत